# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, कात्तिक ९ गते २०३३ साल [संख्या २७

श्री ५ को सरकार

**वन मन्त्रालयको**

**सूचना**

शिवपुरी जलाधार क्षेत्र विकास समिति (गठन) आदेश २०३३

विकास समिति ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "शिवपुरी जलाधार क्षेत्र विकास समिति (गठन) आदेश २०३३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत शिवपुरी जलाधार क्षेत्र विकास परियोजना सम्झनुपर्छ।

३. समितिको गठनः– (१) शिवपुरी जलाधार क्षेत्र विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) सचिव, वन मन्त्रालय– अध्यक्ष
(ख) चीफ कन्जरभेटर, वन विभाग– सदस्य
(ग) महानिर्देशक, भू तथा जल संरक्षण विभाग– सदस्य
(घ) सह–अञ्चलाधीश, वाग्मती अञ्चलाधीश कार्यालय– सदस्य
(ङ) डी.एफ्.ओ., काठमाडौं डिभिजन– सदस्य
(च) परियोजना प्रमुख– सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ समितिको बैठकमा सल्लाहकारको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) शिवपुरी जलाधार क्षेत्रको संरक्षण संवर्द्धन र सो क्षेत्रलाई मनोरञ्जनस्थलको रूपमा विकास गर्नको लागि परियोजना कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप–दफा (१) बमोजिम कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) सो क्षेत्रको वन सिमाङ्कन गर्ने,
(ख) सो क्षेत्रको वरिपरि बार लगाउने,
(ग) सो क्षेत्रभित्र चेकडेम, तटबन्ध, बाटो र दृश्यस्थलहरूको निर्माण गर्ने,
(घ) वृक्षारोपन, फलफूल तथा उन्नत घाँस रोपण गरा बनाउने र भू संरक्षण कार्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
(ङ) सो क्षेत्रभित्र मनोरञ्जनका साधनहरू स्थापना गर्ने,
(च) परियोजनाको लागि आवश्यक कर्मचारीहरू नियुक्ति गर्ने,
(छ) अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोषः– समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट ब्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,
(ख) समितिले अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

६. लेखापरीक्षणः– (१) समितिको आय–व्ययका लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ । 369

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम महालेखापरीक्षकको विभागबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाबकिताब जाँच्न वा जँचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सक्नेः– समितिले आवश्यकतानुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य–सचिव वा सदस्यहरूको उप–समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अरू एकजना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मतसमेत दिन सक्नेछ ।

(४) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

९. नियमहरू बनाउनेः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन मन्त्रालयमार्फत् सम्पर्क राख्नुपर्छ ।

११. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

363

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

368

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।